पाख्रीबास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाख्रीबास, धनकुटा
२०७३
कोशी प्रदेश नेपाल

मिति : २०८०/०४/०१

**सामाजिक सुरक्षा परिचयपत्र नवीकरण सम्बन्धी राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग र पाख्रीबास नगरपालिकाको अत्यन्त जरुरी सूचना ।**

सामाजिक सुरक्षा भत्ता प्राप्त गरीरहेका ज्येष्ठ नागरीक,ज्येष्ठ नागरीक दलित, एकल महिला, आंसिक अपाङ्गता भएको व्यक्ति, पूर्ण अपाङ्गता भएको व्यक्ति, ५ वर्ष मुनिका दलित बालबालिकाले श्रावण १ गते देखि भाद्र मसान्त सम्ममा अनिवार्य रुपमा सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्न अनुरोध गर्दछौं ।
याद गर्नुहोस् है ! नवीकरण गर्ने मिति २०८० श्रावण १ गते देखी भाद्र मसान्त सम्म ।

- नेपाली नागरीकताको प्रतिलिपी
- पासपोर्ट साइजको फोटो
- बालबालिकाको हकमा जन्म दर्ताको प्रतिलिपी
- एकल महिलाको हकमा पतिको मृत्यू दर्ता प्रमाणपत्रको प्रतिलिपी
- ६० वर्ष मुनिका एकल महिलाको हकमा हाल सम्म अर्को विवाह नगरेको वडाको प्रमाणित सिफारिस
- अपाङ्गता भएको व्यक्तिको हकमा अपाङ्गता परिचयपत्रको प्रतिलिपी

लिएर आफ्नो स्थायी ठेगाना रहेको वडामा लाभग्राही स्वयं वा संरक्षक/माथवरको उपस्थितिमा नाम नवीकरण गराउन सकिन्छ ।

(यदि तोकिएको समयमा कसैले नवीकरण नगराएमा MIS प्रणालिबाट नाम हट्ने छ । पुन: नयाँ लाभग्राहीका रुपमा नाम दर्ता गर्नु पर्ने छ र सो विचको अवधिको सामाजिक सुरक्षा भत्ता प्राप्त हुने छैन।)

सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य लाभग्राहीले नयाँ नामावलीमा सूचिकृत हुन समेत आफ्नो वडामा सम्पर्क गरौं ।

पाख्रीबास नगर कार्यपालिकाको कार्यालय
पाख्रीबास, धनकुटा ।

प्रमुख प्रशासकीय अधिकृत